स्थानीय सरकार

हेलम्बु गाउँपालिका

ཧེ་ལམ་བུ་གླིང་རྫོང་ཁག།

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

पशु सेवा शाखा, बागमती प्रदेश, नेपाल

प.सं.: २०८२/८३

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०१/२९ गते

उत्पादनमा आधारित दूधमा प्रोत्साहन अनुदान कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

यस हेलम्बु गाउँपालिका,पशु सेवा शाखाको आ. व. २०८२/०८३ को प्रदेश शसर्त तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार **उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम** ,*दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधी* २०८० को दफा १७ बमोजिम मापदण्ड पुरा गरेका यस कार्यक्रममा सहभागी हुन इच्छुक दुग्ध उत्पाद सहकारी संस्थाले यो सूचना अनुसार, ७ (सात) दिन भित्रमा कार्यालय समय भित्रमा आइपुग्ने गरी तपसिल अनुसारका कागजातहरु संलग्न राखी यस पशु सेवा शाखामा अनुसुची-२ बमोजिमको ढाँचामा आवेदन दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिएको छ ।साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

बेनि बहादुर मोक्तान
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

क्र.स.	कार्यक्रमको नाम	संचालन गर्न सकिने क्रियाकलाप	स्वीकृत बजेट
१.	उत्पादन आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम	प्रति लिटर बढीमा रु.५/-(पाँच रुपैया) सम्म दिन सकिने।	१०,००,००० दश लाख मात्र ।

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः

१. अनुसुची २ बमोजिमको निवेदन,
२.सहकारी संस्था दर्ता वा प्यान दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
३.गत आ.व.को लेख परिक्षण प्रतिवेदन र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज,
४.बार्षिक साधारण सभाको प्रमाणको प्रतिलिपि,
५.वार्षिक दुध विक्रिको परिमाण खुल्ले कृषकहरुको प्रमाणित नामावली,
६.सम्बन्धित जिल्ला दुग्ध उत्पादक सहकारी संघ (गठन भएको हकमा) वार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस पत्र,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

थप जानकारीको लागिः हेलम्बु गाउँपालिकाको पेज तथा वेबसाईट,**दुध उत्पादनमा आधारित अनुदान कार्यविधि,२०८०** www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका पशु सेवा शाखा ९८५११८९१२५, ९८६११०८७१५ मा सम्पर्क गर्न सक्नुहुनेछ।